# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
# वागमती प्रदेश, नेपाल

## नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक तथा खानीजन्य वस्तुको विक्रि निकासी शुल्क
## दस्तुर उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना

**<u>प्रथम पटक प्रकाशित मितिः २०७८/३/३१</u>**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड घ (६) अनुसार यस नमोबुद्ध नगरपालिकाबाट आ.व.२०७८/०७९ को लागि सम्झौता भएको मितिदेखि २०७९ आषाढ मसान्त सम्म देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी बोलपत्र बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी यस नगरक्षेत्र भित्र उत्पादन गरिएका ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको वक्रि तथा निकासी शुल्क संकलन कार्यमा बोलपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालय बाट बोलपत्र सम्बन्धी कागजात (Bid Document) ३० औ दिन भित्र खरिद गरी ३१ औं दनिको १२:०० बजे भित्र e-bid मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

| कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम बार्षिक ठेक्का मूल्य(मू.अ.क बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको निजी खानी तथा खोला/नदीको बगरबाट संकलन/उत्खनन् हुने ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको | रु २,६०,०५,३३५।— (दुइ करोड साठ्ठी लाख पाँच हजार तीन सय पैतिस मात्र) | ३,०००/- (तीन हजार मात्र) | |

| | | | |
|---|---|---|---|
| विक्रि तथा निकासी शुल्क संकलन | | | |

**शर्त बन्देज**

१. बोलपत्र पत्रसाथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकको स्थानीय तह धरौटी खाता १५४०१००३०३०००००२ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ ।

२. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०७६/७७ सम्मको फर्म नविकरण, आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्र पेश गरि सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक रहेको ग १ १ आन्तरीक राजश्व खाता १५४०१००३०१०१०००२ मा रु. ३०००/- (अक्षरेपी रु. तीन हजार मात्र) जम्मा गरी यस कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात खरिद गरि ३१ औं दिन को १२:०० बजेसम्म यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. बोलपत्र पत्रदाताले बढिमा आ.व. २०७८।०७९ सम्म एक आर्थिक वर्षको अवधिको लागि उक्त शुल्क उठाउन पाउने गरी यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ।

४. स्वीकृत बोलपत्रपत्रवालाले आफुले कवोल गरेका ठेक्का रकम बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ । यसरी किस्ता किस्तामा ठेक्का रकम बुझाउने भएमा ठेक्का सम्झौता भएको एक हप्ताभित्र कबोल अंकको ३५ प्रतिशत ले हुन आउने रकम यस कार्यालयमा बुझाई बाँकी रकम बराबर वा सो भन्दा बढिको मान्यता प्राप्त बैंकबाट जारी गरेको मिति २०७९ साल साउन मसान्त गते सम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै प्रस्तुत गरेको हुनुपर्नेछ।

५. संस्थागत आवेदकका हकमा आफु त्यस्तो बोलपत्र पत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनुपर्ने छ ।

६. कुनै पनि बोलपत्र पत्र विनाकारण पूर्ण वा आशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. यस सूचनामा नपरेका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐऐ नियमावली २०६४ बमोजिम हुनेछ ।

८. नमोबुद्ध नगरपालिकाको मिति २०७८/०३/२५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार यस वोलपत्र आव्हान गर्दा नमोबुद्ध नगरपालिका वडा नं ६ अवस्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग लाइ मात्र समावेस गरिएको छ । सो उद्योगको हकमा मात्र विक्री तथा निकासी शुल्क संकलन गर्न पाइनेछ । अन्यको हकमा नमोबुद्ध नगरपालिकाको नियमानुसार बैठकको निर्णय बमोजिम हुनेछ ।

९. यसमा समावेश भएको उद्योग वाहेक अन्य उद्योगबाट विक्री तथा निकासी शुल्क संकलन गरेको पाइएमा नियमानुसार सम्झौता रद्ध गरी कारवाहि प्रक्रिया अगाडी बढाइनेछ ।